आज मिति २०७५/०९/०५ गते दिनको १२ बजे राक्सिराङ्ग गाउंपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा भएको कार्यपालिकाको बैठकमा निम्नानुसार उपस्थितीमा बैठक बसी देहाय बमोजिम छलफल तथा निर्णय गरियो ।

<u>उपस्थिति</u>

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजकुमार मल्ल | अध्यक्ष | |
| २ | निर्मला हिम्डुङ्ग | उपाध्यक्ष | |
| ३ | कान्छाराम रुम्बा | सदस्य (वडाध्यक्ष, वडा नं.१) | |
| ४ | सूर्य बहादुर मुक्तान | सदस्य (वडाध्यक्ष, वडा नं.२) | |
| ५ | बाबुलाल स्याङ्गतान | सदस्य (वडाध्यक्ष, वडा नं.३) | |
| ६ | संजय कोईराला | सदस्य (वडाध्यक्ष, वडा नं.४) | |
| ७ | चन्द्र सिंह प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.५) | |
| ८ | सिंगलाल प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.६) | |
| ९ | कुल बहादुर प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.७) | |
| १० | रामकृष्ण प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.८) | |
| ११ | रामकुमार वाल्वा थिङ्ग | सदस्य (वडाध्यक्ष, वडा नं.९) | |
| १२ | सन्त ब.प्रजा | सदस्य (कार्यपालिका सदस्य) | |
| १३ | सिमोन बि.क. | सदस्य (कार्यपालिका सदस्य) | |
| १४ | मैना कुमारी गोले | सदस्य (कार्यपालिका सदस्य) | |
| १५ | गौरीमायां स्याङ्गतान | सदस्य (कार्यपालिका सदस्य) | |
| १६ | कर्ण कुमारी राउत | सदस्य (कार्यपालिका सदस्य) | कर्ण |
| १७ | सुकमायां वि.क. | सदस्य (कार्यपालिका सदस्य) | सुक |
| १८ | रामकुमार पुडासैनी | सदस्य-सचिव | |
| १९ | <u>माईन्युट सहयोगी :</u><br>ले.पा.देवेन्द्र बहादुर प्रधान | | |
| 20. | निविरथ शर्मा ना.सु.<br>(माइनुट सहयोगी) | | |

प्रस्तावहरु

१. उपभोक्ता समितिबाट संचालन गर्ने योजनाको बजेट सीमा निर्धारण सम्वन्धमा ।
२. बिभिन्न मितिमा भएको तोक आदेश अनुमोदन सम्बन्धमा ।
३. योजना अनुगमन सम्बन्धमा ।
४. बैठक भत्ता सम्वन्धमा ।
५. पशू शाखाको चौमासिक कार्यक्रम स्विकृती सम्वन्धी ।
६. वडा नं. ५ मा भ्यू टावर निर्माण वजेट शिर्षक परिवर्तन सम्वन्धी ।
७. वडा नं. ७ मा वडा कार्यालय निर्माणमा लाग्ने ढूवानी रकम स्विकृती सम्वन्धी ।
८. चौथो गाउसभाको मिति निर्धारण सम्वन्धी ।
९. विभिन्न पुरस्कार तथा सम्मान कार्यक्रमको वडा बाट सिफारीस माग सम्वन्धी ।
१०. पाङ्गथली ज्यामिरेडाँडा ओपन ट्र्याक बजेट शिर्षक परिवर्तन सम्वन्धी ।
११. ले.पा. श्री चन्द्रलाल लामालाई समायोजनको अनुमोदन सम्वन्धी ।
१२. राक्सिराङ्ग गाउँपालिकाको आन्तरिक राजस्व (नदीजन्य पदार्थको) सङ्कलन तथा बिक्री वितरण सम्वन्धी कार्यविधि, २०७५पारीतसम्वन्धी ।
१३. "राक्सिराङ्ग गाउँपालिकाकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि २०७५" स्विकृती सम्वन्धी
१४. विविध

**छलफल तथा निर्णय :**

**निर्णय नं.१**

यस गाउंपालिकाबाट चालु आ.व.२०७५/७६ मा स्वीकृत वडा स्तरिय र गा.पा.स्तरिय रु.१० लाख १ रुपैंया देखि माथिका आयोजनाहरु ठेक्का प्रकृयाद्वारा संचालन गर्ने भनि तेश्रो गाउंसभाबाट निर्णय भए तापनि गाउंपालिकाको भौगोलिक जटीलताको कारण ठेक्का प्रकृयाबाट संचालन गर्न कठिनाई हुने भएकोले आगामी गाउंसभाबाट अनुमोदन गर्ने गरी गाउंपालिकाबाट स्वीकृत बजेट रु.५० लाख सम्मका आयोजनाहरु उपभोक्ता समितिवाट संचालन गर्ने र विवाद भएको खण्डमा ठेक्का प्रकृयाबाट संचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.२**

यस गाउंपालिकाको विभिन्न वडा र सस्थाहरुबाट योजना तथा कार्यक्रमहरु संचालन गर्नको लागिरकम मांग भै आएकोमा पछि गाउं कार्यपालिका बोर्डबाट अनुमोदन हुने गरी श्रीमान अध्यक्ष ज्यूबाट विभिन्न मितिमा तपसिलको योजना तथा कार्यक्रमहरुको लागि रकम उपलब्ध गराउने भएको तोक आदेश आजको बैठकबाट सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

| सि. नं. | योजना तथा कार्यक्रम नाम | बजेट | शिर्षक |
|---|---|---|---|
| १ | युवा तथा खेलकुद विकास समिति,राक्सिराङ्गलाई अध्यक्ष कप फुटवल प्रतियोगिता संचालनगर्न नपुग थप बजेट | रु.३,००,०००/ | गत आ.व.को मौज्दात बजेट |
| २ | नागेश्वरी मन्दिर निर्माण,राक्सिराङ्ग ३ | रु.६०,०००/ | गा.पा.स्तरिय योजनाको सस्कृति प्रवर्द्धन कार्यक्रम |

CamScanner

| | | | |
|---|---|---|---|
| ३ | गाउंपालिका कम्पाउण्ड हाता भित्र रहेको सरकारी भवनहरु मर्मत संभार, राक्सिराङ्ग ५ | ~~रु.९,००,०००/~~ 1200000/- | गत आ.व.को मौज्दात बजेट |
| ४ | गाउपालिका क्यान्टीन मर्मत, राक्सिराङ्ग ५ | रु.१,९०,०००/ | गत आ.व.को मौज्दात बजेट |
| ५ | लालीगुरास महिला समूह,राक्सिराङ्ग ३ लाई मदिराजन्य वस्तु न्युनिकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्न | रु.१,००,०००/ | चालु खर्चको खर्च संकेत नं.२२५१२ को सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| ६ | श्री राष्ट्रिय प्रा.वि.,राक्सिराङ्ग ६ लाई विधार्थी अवलोकन भ्रमण गर्न | रु.३५,०००/ | गा.पा.स्तरिय योजनाको शिक्षा कार्यक्रमको अतिरिक्त क्रियाकलाप कार्यक्रम |
| ७ | परेवाभीर गोरेटो बाटो मर्मत,राक्सिराङ्ग ५ | रु.३०,०००/ | गा.पा.स्तरिय योजनाको भैपरी योजना सडक मर्मत समेत शिर्षक |
| ८ | निगुरेटार जिर्खेडांडा सानोलापुर सडक मर्मत,राक्सिराङ्ग ५ | रु.१,००,०००/ | . . . |
| ९ | सडक मर्मत योजना,राक्सिराङ्ग १ | रु.२,१६,०००/ | . . . |
| १० | सडक मर्मत योजना,राक्सिराङ्ग २ | रु.१,७०,०००/ | . . . |
| ११ | सडक मर्मत योजना,राक्सिराङ्ग ३ | रु.२,०९,०००/ | . . . |
| १२ | सडक मर्मत योजना,राक्सिराङ्ग ५ | रु.३,०३,०९६/ | . . . |
| १३ | सडक मर्मत योजना,राक्सिराङ्ग ७ | रु.२,१६,८५७/ | . . . |
| १४ | सडक मर्मत योजना,राक्सिराङ्ग ८ | रु.३,५८,६३१/ | . . . |
| १५ | सडक मर्मत योजना,राक्सिराङ्ग ९ | रु.४,३८,३९८/ | . . . |
| १६ | महिला मुक्ती वचत तथा रिण सहकारी सस्था,राक्सिराङ्ग ३ लाई घरेलु हिंसा कार्यक्रम संचालन गर्न | रु.६५,०००/ | गा.पा.स्तरिय आयोजनाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रमको हिंसापिडित महिलाहरुको लागि सिप विकास तालिम शिर्षक |
| १७ | स्टेट भिजन प्रा.लि.,हेटौंडा ४ लाई २ दिने सूचनाको हक सम्वन्धी तालिम संचालन गर्न | रु.२,००,०००/ | गा.पा.स्तरिय आयोजनाको सस्थागत विकास सेवा प्रवाह सूशासन कार्यक्रमको सुशासन प्रवर्द्धन कार्यक्रम |
| १८ | मनहरी राक्सिराङ्ग जोड्ने सडक स्लाव ढलान योजना, राक्रिराङ्ग ५ | रु.७,००,०००/ | गत आ.व.को मौज्दात वजेट |
| १९ | जनसशक्तिकरण नेपाल,हेटौंडा २ लाई संयुक्त क्रिसमस कार्यक्रम संचालन गर्न | रु.१,५०,००० | गा.पा.स्तरिय आयोजनाको सस्कृति प्रवर्द्धन कार्यक्रम |
| २० | गोठेरी टोल खानेपानी योजना, ,राक्सिराङ्ग ३ | रु.५,००,००० | |

निर्णय नं.३

यस गाउंपालिकाको मिति २०७५/०८/०६ गतेको बैठकबाट यस गाउंपालिका भित्र संचालित आयोजनाहरुको अन्तिम भुक्तानीको लागि वडा स्तरिय अनुगमन समिति र गाउंपालिका स्तरिय अनुगमन समितिले स्थलगत अनुगमन गरी छुट्टा छुट्टै प्रतिवेदन पेश गरे पश्चात मात्र अन्तिम भुक्तानी दिने गरी अनुगमन समिति गठन गर्ने निर्णय भएकोमासाना तिना आयोजनाहरुलाई गाउंपालिकामा पटक पटक धाई रहनु पर्ने समस्या भएकोले

CamScanner

रु.३ लाख सम्म बजेटका आयोजनाहरुको अनुगमन तथा निरिक्षण गर्ने वडा स्तरिय अनुगमन समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.४**

यस गाउंपालिकाको बोर्ड बैठक तथा विभिन्न समिति र उपसमितिका पदाधिकारीहरु, आमन्त्रित र सहायक कर्मचारीहरुलाई अर्थ मन्त्रालयले तोकेको रु.१५००/ का दरले प्रति बैठक भत्ता दिने निर्णय गरीयो ।

**निर्णय नं. ५**

चालु आर्थिक वर्षका लागि यस गाउँपालिकाले गएको असारमा सम्पन्न गाउँसभाद्वारा पारीत पशु शाखा अन्तरगतका योजना तथा कार्यक्रमहरुको संलग्न बमोजिमको चौमासिकगत कार्यक्रम कार्यान्वयनका लागि यस कार्यपालिकाको बैठकद्वारा स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

चालु आर्थिक वर्षका लागि यस गाउँपालिकाले गएको असारमा सम्पन्न गाउँसभाद्वारा पारीत योजना तथा कार्यक्रममध्य गाउँपालिकास्तरीय आयोजनाहरु आ.व. २०७५।७६ को विषयगत शिर्षक नं. १०३० को उपशिर्षक नं. ७ मा चुरे डाँडा भ्यू टावर निर्माण चुरे डाँडा ५ को सट्टा आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी चुरेडाँडा भ्यूटावर डि.पि.आर. तयार भन्ने शिर्षक राख्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

चालु आर्थिक वर्षका लागि यस गाउँपालिकाले गएको असारमा सम्पन्न गाउँसभाद्वारा पारीत योजना तथा कार्यक्रममध्य गाउँपालिकास्तरीय आयोजनाहरु आ.व. २०७५।७६ को विषयगत शिर्षक नं. ३०३० को उपशिर्षक नं. १ मा ७ नं. वडा कार्यालयको भवन निर्माणको लागि २५ लाख विनियोजन भएकोले सो क्षेत्रमा जटिल भौगोलिक संरचना एवं सडक सञ्जालको विकास नभएको साथै सिमेन्ट, ढुंगा गिटी बालुवाको ढुवानी गर्न मान्छेको श्रम लगाउनु पर्ने र मान्छेबाट ढुवानी गर्दा एकपटक ढुगाँ गिटि बालुवा तथा सिमेन्ट ढुवानी गर्न एक दिन लाग्ने कारणले सो वडा कार्यालय निर्माणको लागि इष्टिमेट तयार गर्दा ढुवानी बापत रु. ५ लाख लाग्ने देखिएकाले सो ढुवानी इष्टिमेटेड रकम स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँपालिकाले चालु आर्थिक वर्षका लागि सम्पन्न गरेको योजना तथा कार्यक्रमहरु संशोधन गर्न, गाउँपालिकाले कार्यपालिकावाट स्विकृत गरेको विभिन्न ऐन, नियम तथा कार्यक्रमहरु अनुमोदन गर्न, पुरस्कार तथा सम्मान कार्यक्रम लगायतका विविध कार्यक्रम गर्ने गरी यहि पौष २८ गते गाउँसभा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

गाउँपालिकाले निर्णय नं. ८ बमोजिम आयोजना गर्ने गाउँसभामा देहायको क्षेत्रमा पुरस्कार तथा सम्मान वितरण गर्नका लागि सवै वडाध्यक्षहरुलाई राय तथा सिफारीस उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

१. एउटै विद्यालयमा २० वर्षभन्दा बढी अवधीसम्म सेवा गर्ने शिक्षक तथा कर्मचारी शिक्षा विकास समितिको सिफारीसमा ।

२. वृक्षारोपण तथा वन तथा वातावरण संरक्षणमा योगदान पुऱ्याउने संघ, समिती वन उपभोक्ता गाउँपालिका महासंघको सिफारीसमा ।

३. उत्कृष्ट उपभोक्ता समिति योजना शाखाको सिफारीसमा

४. टोल विकास संस्थाहरु वडा सिफारीसमा

५. उत्कृष्ट कृषक तथा पशुपालक कृषि शाखा तथा पशू शाखाको सिफारीसमा

६. उत्कृष्ट स्वास्थ्यको कर्मचारी स्वास्थ्य शाखाको सिफारीसमा

७. गाउँपालिकामा रहेको सवैभन्दा जेष्ठ नागरिक सामाजिक सुरक्षा शाखाको सिफारीसमा ।

८. गाउँपालिकामा योगदान पुऱ्याउने तलुसी थापा र राजाराम थापा

CamScanner

९. उत्कृष्ट जनप्रतिनिधि सम्मान तथा पुरस्कार वितरण समितीको सिफारीसमा
१०. उत्कृष्ट गाउँ कार्यपालिका तथा वडाका कर्मचारी सम्मान तथा पुरस्कार वितरण समितीको सिफारीसमा
११. उत्कृष्ट ठेकेदार सम्मान तथा पुरस्कार वितरण समितीको सिफारीसमा

**निर्णय नं. १०**

चालु आर्थिक वर्षका लागि यस गाउँपालिकाले गएको असारमा सम्पन्न गाउँसभाद्वारा पारीत योजना तथा कार्यक्रममध्य गाउँपालिकास्तरीय आयोजनाहरु आ.व. २०७५।७६ को विषयगत शिर्षक नं. ३०१० को उपशिर्षक नं.४१ अन्तरगत विनियोजन भएको ४ लाख रकम बजेटको पांगथली ज्यामिरेडाँडा ओपन ट्र्याक सडक योजना को सट्टा निर्णय नं. ८ बमोजिम आयोजना हुने चौथो गाउँसभाबाट अनुमोदन गर्नेगरी सो उपशिर्षक संशोधन गरी **पांगथली ज्यामिरेडाँडा सडक मर्मत योजना** राख्नेनिर्णय गरियो ।

**निर्णय नं. ११**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (कर्मचारी समायोजन शाखा) को पत्र संख्या ०७५/७६ च.नं. २५ मिति २०७५/०८/२४ को प्राप्त पत्रानुसार कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उपदफा (४) बमोजिम " साविकको स्थानीय निकायबाट स्थायी नियुक्ति पाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम समायोजन भएका कर्मचारीहरुलाई सम्वन्धित स्थानीय तहले अध्यादेश प्रारम्भ भएको मितिले १० दिन भित्र समायोजन भएको पत्र दिई सोको जानकारी मन्त्रालयलाई दिनु पर्ने" व्यवस्था भएकोले यस गाउपालिकाको स्वीकृत संगठन तथा दरबन्दीमा रिक्त रहेको देहाय बमोजिमको तहको पदमा लेखापाल श्री चन्द्रलाल लामालाई समायोजन गरी पदस्थापन गरीएको अनुमोदन गर्ने निर्णय गरियो ।

| कार्यरत पदको विवरणः | हाल समायोजन भएको विवरणः |
|---|---|
| पदः लेखापाल | पदः लेखापाल |
| सेवाः प्रशासन | सेवाः प्रशासन |
| समूहः लेखा | समूहः लेखा |
| उपसमूहः | उपसमूहः |
| तहः सहायक पाँचौ | तहः सहायक पाँचौ |
| पदाधिकार रहेको कार्यालयः राक्सिराङ्ग गाउपालिकाको कार्यालय, | समायोजन भएको कार्यालयः राक्सिराङ्ग गांउपालिकाको कार्यालय, |
| कार्यरत कार्यालयः वडा सचिव, राक्सिराङ्ग गा.पा. | समायोजन भएको शाखाः वडा सचिव, राक्सिराङ्ग गा.पा. |

**निर्णय नं. १२**

नेपालको संविधान (२०७२) को अनुसूची-८ मा वर्गीकरण गरिएको क्र.सं. १ देखि २२ सम्मको क्षेत्राधिकारहरुबाट प्राकृतिक स्रोत माथिको अधिकार स्थानीय तहलाई प्राप्त भई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (घ) को स्थानीय कर, सेवा शुल्क तथा दस्तुर शीर्षकको शीर्षक नं. (६) मा ढुङ्गा, गिट्टी , बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन, उपदफा (२)(छ) को स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन शीर्षकको शीर्षक नं. (४) मा सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन, उपदफा (२) (प) को जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण शीर्षकको शीर्षक नं. (७) मा ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापनमा दिएको अधिकारलाई कार्यान्वयन गर्न कार्यपालिकामा पेश भएको संलग्न बमोजिमको **राक्सिराङ्ग गाउँपालिकाको आन्तरिक राजस्व (नदीजन्य पदार्थको) सङ्कलन तथा बिक्री वितरण सम्बन्धी कार्यविधि, २०७५** पारीत गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता,विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी संलग्न बमोजिमको**"राक्सिराङ्ग गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि२०७५"** स्विकृत गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

CamScanner

गएको आर्थिक वर्षमा रहेको मौज्दाद रकम बाट शिर्षक निर्माण गरि निर्णय नं. ८ बमोजिम आयोजना हुने गाउँसभाबाट अनुमोदन गर्नेगरी यस गाउँपालिकाको सबै स्वास्थ्य चौकीहरुमा खोप ढुवानीको लागि शशर्त अनुदानमा प्राप्त हुने रकम अपुग हुने भएकोले थप ४० हजार रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस गाउँपालिकामा रहेको चेपाङ्ग उत्थान गर्न, समयानुकुल उनीहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार एवं सशक्तिकरण गर्नका लागि गाउँपालिकाले गर्ने चेपाङ्ग जातीसँग सम्बन्धीत विभिन्न लक्षित तथा उत्थानका कार्यक्रम सञ्चालन गर्नको लागि एक गाउँपालिकास्तरीय **चेपाङ्ग विकास समन्वय समिती** गठन गर्ने र सो समितीमा वडाध्यक्षहरुबाट छनौट गरी पठाएको व्यक्ति ९ जना र अध्यक्ष र उपाध्यक्षबाट मनोनित भएका ५ जना गरी जम्मा १४ जनाको भेलाबाट बहुमतको आधारमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव तथा सदस्यहरु रहेको **चेपाङ्ग विकास समन्वय समिती** गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस गाउँपालिकामा रहेको विभिन्न दलीत समूदायको उत्थान तथा शसक्तिकरण गर्नको लागि दलीत समूदायसँग सम्वन्धीत कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्नको लागि गाउँपालिकास्तरीय एक **दलित विकास समन्वय समिति** गठन गर्ने र सो समितीमा वडाध्यक्षहरुबाट छनौट गरी पठाएको व्यक्ति ९ जना र अध्यक्ष र उपाध्यक्षबाट मनोनित भएका ५ जना गरी जम्मा १४ जनाको भेलाबाट बहुमतको आधारमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव तथा सदस्यहरु रहेको **दलित विकास समन्वय समिती** गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस राक्सिराङ्ग गांउपालिका अन्तर्गत ५ नं. वडा कार्यालय, कुतसिङ्ग, थोप्लासीको प.सं. २०७५/७६ च.नं. १३६ मिति २०७५/०८/२७ तथा राक्सिराङ्ग गांउपालिका ३ नं. वडा कार्यालय, सरीखेतको प.सं. २०७५/७६ च.नं. ११७ मिति २०७५/०९/०१ र राक्सिराङ्ग गांउपालिका ८ नं. वडा कार्यालय, तालुकाको प.सं. २०७५/७६ च.नं. ७५ मिति २०७५/०८/२३ को प्राप्त पत्रानुसार उक्त वडा कार्यालयको लागि करारमा कार्यालय सहयोगी राख्न निम्न उम्मेदवार छनौट गरी सिफारिस साथ पत्र प्राप्त भएकोले निजसंग करार गर्ने निर्णय गरीयो ।

तपसिलः

| क्रम संख्या | नम | पद | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | श्री तीर्थ मुक्तान | कार्यालय सहयोगी | राक्सिराङ्ग गा.पा.- ५ | |
| २ | श्री सुन्तली तामाङ्ग | कार्यालय सहयोगी | राक्सिराङ्ग गा.पा.- ३ | |
| ३ | श्री सिमन प्रजा | कार्यालय सहयोगी | राक्सिराङ्ग गा.पा.-८ | |

**निर्णय नं. १८**

यस गाउंपालिकाको सबै वडाको घर धुरी सर्वेक्षण गर्नका लागि तथ्याकं संकलन गर्न गत वर्षको मौज्दाद रकमवाट खर्च हुने गरी प्रति वडा १५ हजारका दरले जम्मा रु. १ लाख ३५ हजार विनियोजन गर्ने निर्णय गरियो ।

CamScanner

# बार्षिक पशुपन्छी विकास कार्यक्रम स्वीकृतिको फारम

| | | | | | |
|---|---|---|---|---|---|
| आ.व. २०७५/०७६ | आयोजना शुरु भएको मिति : २०७५ श्रावण | | आन्तरीक श्रोत | श्रोत | अनुसुची ७ |
| बजेट सकेत नम्बर १०१० क पशुपन्छ क्षेत्र | आयोजना पुरा हुने मिति : २०७६ असार | | ऋण | नेपाल सरकार | १३६७.० |
| कार्यक्रम/आयोजनाको नाम; पशु पन्छी विकास कार्यक्रम | आयोजना कुल लागत | ५५३७ | जनसहभागिता | प्रदेश सरकार | |
| कार्यान्वयन हुने स्थान : राक्सिराङ गाउँपालिका | चालु आ व मा विनियोजित | ५५३७ | | अन्तर स्थानिय तह | ४१७०.० |

पशुपन्छी विकास कार्यक्रम

रु हजारमा

| क. सं. | कार्यक्रम/क्रियाकलाप | ईकाइ | आयोजनाको कुल क्रियाकलापको | | सम्पुर्ण कार्य मंध्ये गत आ व सम्मको | | आ.व. २०७५/०७६ को | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वार्षिक लक्ष्य | | प्रथम चौमासीक | | दोश्रो चौमासीक | | तेश्रो चौमासीक | | |
| | | | परिमाण | लागत | परिमाण | लागत | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | स्थान |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| क | आर्थिक विकास | | | | | | | | | | | | | | |
| १ | कृषि तथा पशुपालन तालिम | | | | | | | | | | | | | | |
| १.१ | व्यवसाय सन्चालन गरि रहेका कृषकहरलाई ३ दिने तालिम सहभागि सख्या २० देखि २५ जना | पटक | | | | | १ | १००.० | | | १ | १००.० | | ०.० | राक्सिराङ २ |
| २ | सामुहिक माछा पालन कार्ययक्रम | पटक | | | | | १ | ५०.० | | | | ०.० | १ | ५०.० | राक्सिराङ ५ निगुरेटार |
| ३ | कृषि,पशु तथा सहकारी तालिम | पटक | | | | | १ | ५०.० | | | | ०.० | १ | ५०.० | राक्सिराङ ७ |
| ४ | व्यवसायिक बाख्रा पालन तालिम ३ दिने सहभागि सख्या २० देखि २५ जना | पटक | | | | | १ | १००.० | | | १ | १००.० | | ०.० | राक्सिराङ ५ |
| ५ | बाख्रा पालन तालिम ३ दिने सहभागि सख्या २० देखि २५ जना | पटक | | | | | २ | २००.० | | | १ | १००.० | १ | १००.० | राक्सिराङ ८ सानो टोड्के |
| ६ | बाख्रा पालन तालिम ३ दिने सहभागि सख्या २५ देखि ३० जना | पटक | | | | | ३ | ३७०.० | | | २ | २५०.० | १ | १२०.० | राक्सिराङ ८ देबिटार |
| | वडास्तरीय कार्यक्रम जम्मा | | | | | | | ८७०.० | | | | ५५०.० | | ३२०.० | |
| ख | पशुपन्छि विकास तर्फको कार्यक्रम | | | | | | | | | | | | | | |
| १ | डेरी उद्योगको सम्भावता अध्ययन तथा सहयोग | | | | | | | | | | | | | | |
| १.१ | लघु, साना डेरी उद्योगको सम्भावता अध्ययन | पटक | | | | | १ | ३०.० | | | १ | ३०.० | | ०.० | |
| १.२ | दुग्ध संकलन केन्द्र स्थापनाको लागि आवश्यक औजार तथा उपकरणमा अनुदान | पटक | | | | | १ | १००.० | | | १ | १००.० | | ०.० | |

| क. सं. | कार्यक्रम/कियाकलाप | ईकाइ | आयोजनाको कुल कियाकलापको | | सम्पुर्ण कार्य मध्ये गत आ व सम्मको | | आ.व. २०७५/०७६ को | | | | | | | | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वार्षिक लक्ष्य | | प्रथम चौमासीक | | दोश्रो चौमासीक | | तेश्रो चौमासीक | | | |
| | | | परिमाण | लागत | परिमाण | लागत | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | स्थान | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | |
| १.३ | दुध वृद्धिको लागी दुहुना गाईभैंसी खरिदमा अनुदान ढुवानी समेत खरिद भएका पशुहरु विमा अनिर्वाय हुनु पर्ने | सङ्ख्या | | | | | २५ | २७०.० | | | | ०.० | २५ | २७०.० | | |
| २ | खोर तथा गोठ सुधार कार्यक्रम | सङ्ख्या | | | | | ३० | ३००.० | | | १५ | १५०.० | १५ | १५०.० | | |
| ३ | अगुवा कुखुरा/बाख्रा/गाईभैंसी पालक कृषकहरुलाई व्यवसायिक तालिम कार्यक्रम ३ दिने सहभागि सङ्ख्या २० | पटक | | | | | १ | ७०.० | | | १ | ७०.० | | ०.० | | |
| ४ | उन्नत बाख्रा पालन पकेट क्षेत्र निर्धारण तथा सहयोग कार्यक्रम २ बाख्रा १ फिर्ता कार्यक्रम | | | | | | | | | | | | | | | |
| ४.१ | उन्नत नश्लको ब्याडको बोका वितरण | सङ्ख्या | | | | | २ | ८०.० | | | | ०.० | २ | ८०.० | | |
| ४.२ | प्रतिनिधिहरुको सहभागितामा स्थान छनौट तथा कृषक छनौट बैठक | सङ्ख्या | | | | | १ | २०.० | | | १ | २०.० | | ०.० | | |
| ४.३ | समुह गठन तथा विनियम निर्माण तथा दर्ता | सङ्ख्या | | | | | २ | २०.० | | | २ | २०.० | | ०.० | | |
| ४.५ | बाख्रा प्राप्त गर्ने कृषकहरुलाई बाख्रा पालन तालिम १ दिने | पटक | | | | | २ | २०.० | | | २ | २०.० | | ०.० | | |
| ४.६ | २ माउ बाख्रा खरिदमा अनुदान | सङ्ख्या | | | | | ८० | ४००.० | | | ८० | ४००.० | | ०.० | | |
| ४.७ | बाख्राको खोर सुधारमा अनुदान | सङ्ख्या | | | | | ४० | २००.० | | | ४० | २००.० | | ०.० | | |
| ४.८ | परजिवि नियन्त्रण,उपचार तथा खोप कार्यक्रम | पटक | | | | | २ | ५०.० | | | १ | २५.० | १ | २५.० | | |
| ४.९ | कार्यक्रम अनुगमन तथा निरिक्षण | पटक | | | | | २ | २०.० | | | १ | १०.० | १ | १०.० | | |
| ४.१० | बाख्रा हस्तान्तरण तथा वितरण समारोह | पटक | | | | | १ | २०.० | | | | | १ | २०.० | | |
| ५ | व्यवसायिक कुखुरा पालन सहयोग कार्यक्रम | | | | | | | | | | | | | | | |
| ५.१ | व्यवसायिक कुखुरा पालन गर्ने कृषकहरुलाई दानापानी खुवाउने भाडा तथा अन्य आवश्यक सामाग्रीमा अनुदान | सङ्ख्या | | | | | ८ | २००.० | | | ८ | २००.० | | ०.० | | |
| ६ | पशुपालन घुम्ती शिविर तथा खोप कार्यक्रम | पटक | | | | | ३ | २००.० | | | २ | १३५.० | १ | ६५.० | | |
| ७ | विदेश जाने युवाहरुलाई कृषि व्यवसायमा अनुदान कार्यक्रम बाख्रा पालन, गाई पालन, कुखुरा पालन, बंगुरपालन पाडापालन ह्याचरी स्थापना | सङ्ख्या | | | | | ३ | ३००.० | | | | ०.० | ३ | ३००.० | | |

| क. सं. | कार्यक्रम/क्रियाकलाप | ईकाइ | आयोजनाको कुल क्रियाकलापको परिमाण | लागत | सम्पूर्ण कार्य मध्ये गत आ.व सम्मको परिमाण | लागत | आ.व. २०७५/०७६ को वार्षिक लक्ष्य परिमाण | बजेट | प्रथम चौमासीक परिमाण | बजेट | दोस्रो चौमासीक परिमाण | बजेट | तेस्रो चौमासीक परिमाण | बजेट | कैफियत स्थान | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | |
| ८ | नश्ल सुधार कार्यक्रम | | | | | | | | | | | | | | | |
| ८.१ | उन्नत बोयर जातको बोका वितरण | सङ्ख्या | | | | | ४ | १५०.० | | | ४ | १५०.० | | ०.० | | |
| ९ | १ वडा १ घाँस नर्सरी स्थापना र सहयोग कार्यक्रम | | | | | | | | | | | | | | | |
| ९.१ | घाँस नर्सरी स्थापना गर्ने समुह/ समिति/सहकारी/व्यक्तिगत फार्मलाई आवश्यक सामाग्री,बीउ,बेर्ना, सेट्स, मलखाद,सिचाई सामाग्री, टनेल आदी जस्ता सामाग्रीमा अनुदान | सङ्ख्या | | | | | ३ | १५०.० | | | ३ | १५०.० | | ०.० | | |
| १० | पशुपन्छि बिमा अभिमुखिकरण तथा सहयोग कार्यक्रम | | | | | | | | | | | | | | | |
| १०.१ | पशुपन्छि बिमा अभिमुखिकरण गोष्ठी | पटक | | | | | १ | ५०.० | | | १ | ५०.० | | ०.० | | |
| १०.२ | पशुपन्छी बिमा गर्ने कृषकहरुलाई उत्प्रेरणा/प्रोत्साहन स्वरुप कृषकले तिरेको रकममा ५० प्रतिशत अनुदान | पटक | | | | | १ | ५०.० | | | | ०.० | १ | ५०.० | | |
| ११ | कार्यक्रम अनुगमन तथा निरिक्षण | पटक | | | | | ५ | १००.० | | | २ | ४०.० | ३ | ६०.० | | |
| १२ | अन्तर जिल्ला अगुवा पशुपालक कृषक भ्रमण तथा अवलोकन कार्यक्रम | पटक | | | | | १ | २००.० | | | १ | २००.० | | ०.० | | |
| १३ | लोकल कुखुरा तालिम तथा सहयोग कार्यक्रम | | | | | | | | | | | | | | | |
| १३.१ | लोकल कुखुरा पालन तालिम | पटक | | | | | १ | ५०.० | | | | ०.० | १ | ५०.० | | |
| १३.२ | ग्रामिण कुखुराको चल्ला खरिद तथा वितरण | सङ्ख्या | | | | | १००० | १६०.० | | | | ०.० | १००० | १६०.० | | |
| १३.३ | कुखुराको खोर तथा दानापानी खुवाउने सामाग्रीमा अनुदान | सङ्ख्या | | | | | ४० | ८०.० | | | | ०.० | ४० | ८०.० | | |
| १३.४ | परजिवि नियन्त्रण,उपचार तथा खोप कार्यक्रम | | | | | | १ | १०.० | | | | ०.० | १ | १०.० | | |
| | पशुपन्छि विकास तर्फको कार्यक्रम जम्मा | | | | | | | ३३००.० | | | | १९७०.० | | १३३०.० | | |
| ग | संघीय सर्शत कार्यक्रम ८०१६०७ (६,७१०.११) | | | | | | | | | | | | | | | |
| १ | एक गाउ एक पशु प्राविधिकको तलब भत्ता | जना | | | | | ३ | ८८७.० | ३ | २९७ | ३ | २९७.० | ३ | २९३.० | | |
| २ | कृषक पाठशाला सन्चालन कृषि/पशु सम्बन्धि | पटक | | | | | १ | २००.० | | | १ | २००.० | | | | |
| ३ | डिजिज सर्भिलेन्स तथा रिपोर्टिङ, इपिडेमियोलोजिकल रिपोर्टिङ,आउटब्रेक इन्भेस्टिगेशन | | | | | | | | | | | | | | | |

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | ईकाइ | आयोजनाको कुल क्रियाकलापको | | सम्पुर्ण कार्य मध्ये गत आ व सम्मको | | आ.व. २०७५/०७६ को | | | | | | | | कैफियत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वार्षिक लक्ष्य | | प्रथम चौमासीक | | दोश्रो चौमासीक | | तेश्रो चौमासीक | | | |
| | | | परिमाण | लागत | परिमाण | लागत | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | स्थान . | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | |
| ३.१ | डिजिज सर्भिलेन्स | पटक | | | | | ८ | १५ | | | ४ | ७.५ | ४ | ७.५ | | |
| ३.२ | इपिडेमियोलोजिकल रिपोर्टिङ | मासिक | | | | | ८ | १५ | | | ४ | ७.५ | ४ | ७.५ | | |
| ३.३ | डिजिज इन्भेस्टिगेशनको लागि नमुना संकलन तथा प्रेशण गर्ने | सख्या | | | | | १०० | २५ | | | ५० | १२.५ | ५० | १२.५ | | |
| ३.४ | डिजिज इन्भेस्टिगेशनको लागि अनुगमन निरिक्षण गर्ने | पटक | | | | | ३ | १५ | | | १ | ५.० | २ | १०.० | | |
| ४ | नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम | | | | | | | | | | | | | | | |
| ४.१ | निशुल्क कृतिम गर्भाधान कार्यक्रम | | | | | | | | | | | | | | | |
| ४.२ | गाई भैसी तथा बाख्राको सिमेन खरिद गरि कृ.ग.गर्ने | सख्या | | | | | २०० | २५ | | | ७५ | १०.० | १२५ | १५.० | | |
| ४.३ | कृत्तिम गर्भाधानको लागि लि.नाईट्रोजन खरिद ढुवानी | लि | | | | | ३०० | १५ | | | १५० | ७.५ | १५० | ७.५ | | |
| ४.४ | कृत्तिम गर्भाधानको लागि आवश्यक लजिष्टिक सपोर्ट सामाग्री खरिद (ग्लोब, सिथ, गमबुट, एप्रोन, रेनकोट, ए आई कार्ड, झोला, प्रगति फर्मेट) आदी | पटक | | | | | २ | ३० | | | १ | १५.० | १ | १५.० | | |
| ४.५ | कृतिम गर्भाधानको लागि रेफ्रि सेट खरिद १,लि. नाईट्रोजन.भन्डारणको लागि लि.ना.कन्टेनर खरिद १ | पटक | | | | | १ | १३० | | | १ | १३०.० | | ०.० | | |
| ४.६ | कृ.ग.को अनुगमन निरिक्षण गरि प्रतिवेदन तयारी तथा प्रेशण गर्ने | पटक | | | | | २ | १० | | | १ | ५.० | १ | ५.० | | |
| | संघीय सर्शत कार्यक्रम ८०१६०७ (६,७,१०,११) जम्मा | | | | | | | १३६७.० | | २९७.० | | ६९७.० | | ३७३.० | ०.० | |
| क | आर्थिक विकास तर्फको जम्मा | | | | | | | ८७०.० | | ०.० | | ५५०.० | | ३२०.० | | |
| ख | पशुपन्छि विकास तर्फको कार्यक्रम जम्मा | | | | | | | ३३००.० | | ०.० | | १९७०.० | | १३३०.० | | |
| ग | संघीय सर्शत कार्यक्रम ८०१६०७ (६,७,१०,११) जम्मा | | | | | | | १३६७.० | | २९७.० | | ६९७.० | | ३७३.० | | |
| | पशुपन्छी क्षेत्रको कुल जम्मा | | | | | | | ५५३७.० | | २९७.० | | ३२१७.० | | २०२३.० | | |

तयार गर्ने

रुजु गर्ने

प्रमाणित गर्ने

कार्यपालिकाबाट स्वीकृत मिति: २०७५।०९।०५

राक्सिराङ्ग गाउँपालिकाको

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५

राक्सिराङ्ग गाउँपालिका

चैनपुर मकवानपुर

२०७५

CS CamScanner

# राक्सिराङ्ग गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरूलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा व्यावसायिकता, पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरू हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी राक्सिराङ्ग गाउपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**संक्षिप्त नाम तथा प्रारम्भ :** यो कार्यविधिको नाम राक्सिराङ्ग गाउँपालिकाकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५" रहेको छ र यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

ख) "गाउँपालिका" भन्नाले राक्सिराङ्ग गाउँपालिकालाई जनाउँछ ।

ग) "सभा" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको गाउँ सभालाई जनाउँछ ।

घ) "कार्यपालिका" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ ।

ङ) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्षलाई जनाउँछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा कार्य गर्न तोकिएको कर्मचारीलाई जनाउँछ ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामवाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस राक्सिराङ्ग गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

CamScanner

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयकालागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**(३) इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित गाउँपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

**४) इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठाविवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

**६) प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) बचाउ:**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा म्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची - १

कार्यविधि को दफा २ को उपदफा (१) संग सम्बन्धित

इजाजतपत्रको लागि दिइने दरखास्त

| दरखास्त वालाको फोटो |
|---|

विषय : इजाजतपत्र पाउँ भन्ने बारे।

श्री ..................... गा.पा. को कार्यालय

.....................

यस ..................... कार्यालयको कार्यविधि ......... बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ।

१ दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं

फ्याक्स नं :-

ईमेल :-

२ फर्म वा कम्पनीको प्रकृति

| ☐ | प्राईभेट लिमिटेड कम्पनी | ☐ | पब्लिक लिमिटेड कम्पनी |
|---|---|---|---|
| ☐ | एकलौटी | ☐ | साझेदारी |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३ सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :-

नाम थर :-

पोष्ट बक्स :-

ठेगाना :-

ईमेल :-

टेलिफोन नं

फ्याक्स नं :-

४ फर्म वा कम्पनीको विवरण :-

दर्ता मिति :-

दर्ता नं :-

जारी पुजी :-

अधिकृत पुजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५ इजाजतपत्र लिन चाहेको वर्ग :- ( घ ) वर्ग

६ समुहीकरण हुन चाहेको समुह :-

७ आर्थिक श्रोतको विवरण :-

| | रकम | वितीय संस्था / बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ।

८ कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

प्राविधिक कर्मचारी को Certificate को प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्ने छ।



CamScanner

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था ( प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची - २

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्वन्धित

| क.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. १०,०००।०० | रु. १,०००।०० | रु. २,०००।०० | रु. १,०००।०० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ वमोजिम को दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ।

अनुसूची - ३

कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)संग सम्बन्धित

# इजाजतपत्र

ईजाजतपत्र नं.....................

मिति :- ....................

...............म.न.पा/न.पा/गाउपालिका

............कार्यपालिकाको कार्यालय

...............................

घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०....... को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............स्थित कार्यालय भएको ...................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ।

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने

ईजाजतपत्र दिनेको,-
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

नविकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तूर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -४

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासबुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ........................ | ........................ | | | ........................ | ........................ | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | ................. | ................. | ........................ | ........................ | ........................ | ........................ | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | .................... | .................... | .................. | .................. | .................. | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | .................... | .................. | .................. | ................ | ................ | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | ................ | ................ | |
| | | | | | | | छाप | .................... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .................. | | .................... | .................... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | .................... | .................... | |

अनुसुची-५

## "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा विस लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

३. मेशीन र उपकरण :
(क) ट्रिपर /टयाक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

*द्रष्टव्य :*
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन।
४. पन्ध्र वर्ष भन्दा वढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन।

राक्सिराङ्ग गाउँपालिकाको गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि, २०७४ को नियम ४(१) बमोजिम प्रमाणिकरण गर्दछु।

मिति : २०७५।

रामकुमार पुडासैनी
प्रमुख प्रशासकिय अधिकृत



CamScanner

आज मिति २०७५ पौष २९ गते आइतबार दिनको ०१:३० बजे गांउपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउं कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरीयो:

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री निर्मला हिम्दुङ | |
| ३ | सदस्य | श्री कान्छाराम रूम्बा, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री सूर्य बहादुर मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री बाबुलाल स्याङतान, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री चन्द्र सिंह प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री सिंगलाल प्रजा, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री कुल बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री रामकृष्ण प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सन्त बहादुर प्रजा | |
| १३ | सदस्य | श्री सिमोन वि.क. | |
| १४ | सदस्य | श्री मैना कुमारी गोले | |
| १५ | सदस्य | श्री गौरीमाया स्याङतान | |
| १६ | सदस्य | श्री कर्ण कुमारी राउत | |
| १७ | सदस्य | श्री सुकमाया वि.क. | |
| १८ | सदस्य-सचिव | श्री रामकुमार पुडासैनी | |
| १९ | लेखा अधिकृत | श्री शम्भु प्रसाद बर्तौला | |
| २० | नायब सुब्बा | श्री निशीथ प्रसाद शर्मा | |
| २१ | लेखापाल | श्री देवेन्द्र बहादुर प्रधान | |

CamScanner

**प्रस्तावहरू:**

- योजना संशोधन सम्बन्धी ।
- मस्यौदा समिति गठन सम्बन्धी ।
- RCIW को कर्मचारीहरूको करार म्याद थप अनुमोदन सम्बन्धी ।
- करारका कर्मचारीहरूको म्याद थप सम्बन्धी ।
- योजना अनुमोदन सम्बन्धी ।
- भुकम्प गुनासो सम्बन्धमा ।
- कगाउं शिक्षा समितीको निर्णय अनुमोदन सम्बन्धी ।
- अघिल्लो आर्थिक वर्षका योजना रकम भुक्तानी सम्बन्धी ।
- ढुंगा, गिटी, बालुवा राजश्व संकलन सम्बन्धी ।

**निर्णय नं. १**

| सि.नं. | योजनाको विवरण | | |
|---|---|---|---|
| | योजना माग गर्ने निकाय | संशोधन गर्नुपर्ने योजना | |
| | | साविक योजना | संशोधन गर्नुपर्ने योजना |
| १ | ५ नं. वडा कार्यालय | ठाडे सिंचाई योजना (वडा स्तरिय) २,००,०००/ | ठाडे स्वानेपानी योजना |
| २ | ५ नं. वडा कार्यालय | चुरेडांडा लिफ्ट स्वानेपानी (गा.पा.स्तरिय): २,००,०००/ | चुरेडांडा लिफ्ट स्वानेपानी मर्मत |
| ३ | ६ नं. वडा कार्यालय | स्वरकण्डेटार बाल विकास केन्द्र अपग्रेड (सामाजिक विकास/शिक्षा) | स्वरकण्डेटार बाल विकास केन्द्र फर्निचर निर्माण |
| ४ | ६ नं. वडा कार्यालय | स्यालुंग स्वाई-दुंगथली सडक मर्मत योजना (पूर्वाधार विकास/स्थानीय सडक) | स्यालुंग स्वाई करांसे दुंगथली सडक निर्माण योजना |
| ५ | ७ नं. वडा कार्यालय | धिराङ-गर्लिङ-चरिमारा सडक ४० लाख | १. दामराङ- गर्लिङसडक निर्माण योजना२० लाख<br>२. चरिमारा- गर्लिङ्ग सडक निर्माण योजना २० लाख |
| | | चेपाङ छोनाम उल्लास पर्व | घटना दर्ता शिविर |
| ६ | ९ नं. वडा कार्यालय | तिस्नुती स्वानेपानी योजना | तिस्नुती पेल्टीसेट तार विस्तार |
| | | योजना अनुगमन सामाजिक परिचालन, उ.स. तालिम तथा विविध | कार्यालय व्यवस्थापनार्थ फर्निचर तथा इलेक्टोनिक्स सामान स्वरिद |
| | | भिम्बुङ्ग ४ लाख | भिम्बुङ्ग पर्यटन विस्तृत परियोजना प्रतिवेदन निर्माण योजना |
| ७ | १ नं. वडा कार्यालय | भुमिथुम थोपा सिंचाई योजना | भुमिथुम सानो सिंचाई योजना |
| | | घटना दर्ता | नागरिकता शिविर स्वर्च व्यवस्थापन |
| | | विपद व्यवस्थापन | विरालीटार वस्ति बचाउ पहिरो कटान नियन्त्रण |
| | | कार्यालय व्यवस्थापन रू. १०००००। | १ श्री विन्देश्वरी आधारभूत प्रा.वि.को छाना मर्मत रू. ५००००<br>२ क्रासना ज्यामिरे स्वारा स्वानेपानी पाइप स्वरिद रू ५००००। |
| ८ | २ नं. वडा कार्यालय | आमडांडा फेदी सिमलटार | आमडांडा फेदी सिमलटार तट्बन्धन निर्माण योजना |
| | | सुनारी सौरा स्वानेपानी योजना | सुनारी सौरा स्वानेपानी मर्मत योजना |
| | | जनजाती कार्यक्रम ५० हजार | वडा कार्यालय व्यवस्थापन |

**निर्णय नं. २:**

यस गाँउपालिकाले विभिन्न ऐन, कानून, नियम, कार्यविधि, निर्देशिका आदि कार्यपालिका एवं गांउसभाबाट पारित गर्नुपर्ने भएकोले उल्लेखित ऐन, कानून, नियम, कार्यविधि, निर्देशिका मस्यौदा गरी पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो ।
उल्लेखित विभिन्न ऐन, कानून, नियम, कार्यविधि, निर्देशिका आदि मस्यौदा गर्ने कार्यमा संलग्न कर्मचारीहरू विहान, बेलुका र सार्वजनिक विदाका दिनमा काम गरेवापत स्विकृत दररेट अनुसार ओभरटाईम सुविधा दिने र आवश्यकता अनुसार आमन्त्रण गरिएका विज्ञलाई नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरीयो ।

जोशी
कार्की
मगर

CamScanner

**निर्णय नं. ३:**
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना तथा अनुगमन शाखा, सिंहदरबार, काठमाण्डौको प.सं. २०७५/७६ च.नं. ३०२ मिति २०७५/०८/२५ को प्राप्त पत्रानुसार आ.व. २०५२/५३ देखि आ.व. २०७४/७५ सम्म जिल्ला समन्वय समितिको कार्यालय मार्फतसंचालन भएको ग्रामिण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (RCIW) चालु आ.व. २०७५/७६ देखि यस राक्सिराङ्ग गाउंपालिकामा हस्तान्तरण भई आएकोमा उक्त कार्यक्रममा कार्यरत कर्मचारीहरू समेत यस राक्सिराङ्ग गाउंपालिकामा हस्तान्तरण भई आएकोले ती कर्मचारीहरूको अस्थायी/करार म्याद मिति २०७५ श्रावण ०१ देखि समाप्त भएकोले म्याद समाप्त भएको मितिबाट लागु हुने गरी २०७६ असार मसान्तसम्म एक वर्षको लागि कार्यालयबाट भएको अस्थायी/करार म्याद थप अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४:**
यस राक्सिराङ्ग गांउपालिकामा निम्न उल्लेखित पदहरूमा करारमा कार्यरत निम्न उल्लेखित कर्मचारीहरूको सेवा करार म्याद मिति २०७५ माघ ०१ बाट समाप्त हुने भएकोले म्याद समाप्त भएको मितिबाट लागु हुने गरी पूर्व करार सम्झौता बमोजिमनै सेवा, सुविधा तथा शर्तहरू कायम हुनेगरी २०७६ असार मसान्तसम्म ०६महीनाको लागि म्याद थप गर्ने साथै यस कार्यालयमा विगत करीब १.५ वर्ष देखि डोर हाजिरीमा कामकाज गर्दै आएकि कार्यालय सहयोगी श्री एलिना चेपाङको कार्य सन्तोषजनक देखिएकोले निजलाई करार सेवामा कामकाज गर्ने गरी २०७५ माघ ०१ देखि करार गर्ने निर्णय गरीयो ।

तपसिल:

| सि.नं. | करारमा कार्यरत कर्मचारीको नाम | पद | तह/श्रेणी | कार्यस्थल | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री रेम्बो प्रजा | कार्यालय सहयोगी | | राक्सिराङ्ग गाउं कार्यपालिका | |
| २ | श्री विनोद कुमार थिङ | कार्यालय सहयोगी | | वडा कार्यलय वडा नं. ६ (कांकडा) | |
| ३ | श्री अञ्जन हटुवाल | सूचना प्रविधि अधिकृत | अधिकृत छैठौं | राक्सिराङ्ग गाउं कार्यपालिका | |
| ४ | श्री रूपक सुवेदी | ईन्जिनियर | अधिकृत छैठौं | राक्सिराङ्ग गाउं कार्यपालिका | |
| ५ | श्री झम्क बहादुर अर्याल | अ.स.ई. | सहायक चौथो | वडा कार्यालय, वडा नं. ४ र ९ | |
| ६ | श्री पान बहादुर तितुङ | अ.स.ई. | सहायक चौथो | वडा कार्यालय, वडा नं. ५ र ८ | |
| ७ | श्री मदन मुक्तान | सह-लेखापाल | सहायक चौथो | वडा कार्यालय वडा नं. ४ (राक्सिराङ्ग) | |
| ८ | श्री स्वुप बहादुर मल्ल | कार्यालय सहायक | सहायक चौथो | वडा कार्यालय वडा नं. ९ (स्वैराङ) | |
| ९ | श्री अजय बर्तौला | ना.प.स्वा.प्र. | | वडा कार्यालय वडा नं. ६,७,८ (कांकडा) | |
| १० | श्री केशवराज स्याङतान | ना.प.स्वा.प्र. | | वडा कार्यालय वडा नं. ९ (स्वैराङ) | |
| ११ | श्री योगेश मैनाली | ना.प.स्वा.प्र. | | वडा कार्यालय वडा नं. १,२,३ (सरिस्वेत) | |
| १२ | श्री विन्दुमाया प्रजा | हेरालु | | राक्सिराङ्ग गाउं कार्यपालिका | |
| १३ | श्री देउमाया प्रजा | हेरालु | | राक्सिराङ्ग गाउं कार्यपालिका | |

**निर्णय नं.५ :**
यस गाउंपालिकाको विभिन्न वडा र सस्थाहरुबाट योजना तथा कार्यक्रमहरु संचालन गर्नको लागि रकम मांग भै आएकोमा पछि गाउं कार्यपालिकाको बैठकबाट अनुमोदन हुने गरी श्रीमानअध्यक्ष ज्यूबाट विभिन्न मितिमा तपसिलको योजना तथा कार्यक्रमहरुको लागि रकम उपलब्ध गराउने भएको तोक आदेश आजको बैठकबाट सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

| सि.नं | योजना तथा कार्यक्रम नाम | बजेट | शिर्षक |
|---|---|---|---|
| १ | सडक मर्मत संभार योजना,राक्सिराङ्ग १ को थप कार्यको लागि | रु .३,००,०००/ | गा.पा.स्तरिय आयोजनाको भैपरी योजना सडक मर्मत समेत शिर्षक |
| २ | राक्सिराङ्ग ५ चैनपुर देखि बोटवारी रतुवा साईचा हुँदै खैराङ्ग सम्म सडक सफा गर्ने कार्य,राक्सिराङ्ग ५ (सिंगराम मुक्तान) | रु. १८,७५०/ | गा.पा.स्तरिय आयोजनाको भैपरी योजना सडक मर्मत समेत शिर्षक |
| ३ | हिमाल टोल विकास सस्था,राक्सिराङ्ग ८ लाई सडक दायां बायां बृक्षारोपण गर्ने कार्य | रु. २१,०००/ | गा.पा.स्तरिय आयोजनाको वन तथा भुसंरक्षण कार्यक्रमको सडक बिस्तार भएको स्थानमा क्षतिपुर्ति बृक्षारोपण कार्यक्रम |
| ४ | प्याङ्चे विद्युत विस्तार योजना (कालो तार), राक्सिराङ्ग ५ | रु. ५०,०००/ | गा.पा.स्तरिय आयोजनाको उर्जा, लघु तथा साना जलबिद्युत कार्यक्रमको बिद्युत पोल,ट्रान्सफर्मर,तार आदि खरिद र बितरण शिर्षक |
| ५ | कोलगैरी बिद्युत विस्तार योजना,राक्सिराङ्ग १ लाई योजना सम्पन्न गर्नको लागि थप | रु. २,५०,०००/ | गत आ.व.को मौज्दात बजेटबाट |
| ६ | चैनपुर साजक राईवाङ्ग पन्जनी मानेछाप गिङ्ग रतुवा साईचा खैराङ्ग मलेखु सडकको विस्तृत सर्भे डिजाईन गर्ने कार्य | रु. १२,००,०००/ | गा.पा.स्तरिय योजनाको शिक्षा कार्यक्रमको अतिरिक्त क्रियाकलाप कार्यक्रम |
| ७ | चमेरो गुफा र जलपरी झरनाको पर्यटकिय गुरुयोजना तयार गर्ने कार्य | रु .७,५०,०००/ | गांउपालिका स्तरीय योजनाको बजेट संकेत नं. १०३० पर्यटनको सि.नं. २ को चमेरो गुफा जलपरी झरना व्यवस्थापन तथा निर्माण अन्तर्गत विनियोजन भएको २५ लाखबाट खर्च गर्ने गरी |
| ८ | सुकेल तर्लीङ सडक मर्मत राक्सिराङ्ग ९ थप कार्य | रु. ३,००,०००/ | गत आ.व.को मौज्दात बजेटबाट |

CamScanner

**निर्णय नं.६ :**
२०७२ सालको भूकम्पबाट पूर्ण रुपमा क्षति भएका सरकारी तथा गैरसरकारी संरचना, पुरातात्वीक महत्वका संरचना, व्यक्तिगत संरचनाहरुको यथार्थ विवरण वडा कार्यालयहरुले संकलन गरी गाउपालिकामा पठाउन निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ७:**
मिति २०७५/०९/२७ गतेको गांउ शिक्षा समितिको बैठकबाट पारित भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरीयो ।

| क्र.सं. | निर्णयहरु | आवश्यकता | कै. |
|---|---|---|---|
| १ | नि.नं.२- गाउा सभाबाट स्वीकृत शिक्षा ऐन, नियम र कार्यविधि भित्रको स्थानिय शिक्षा ऐन २०७४को परिच्छेद-३, १८ अनुसारको वडा शिक्षा समिति यहि आउादो माघ महिना भित्र गठन गरि सम्वन्धित कार्यलयको शाखामा पठाउन सबै वडाहरुलाई पत्रचार गर्ने । | सबै वडाहरुलाई पत्रचार गर्ने काम-कार्यवाही बढाईदिनुहुन । | |
| २ | नि.नं.३- आ.व.२०७५/७६को २ नेपाल सरकारबाट प्राप्त शिक्षा तर्फको शसर्त अनुदानको ब.शि.नं.८०१६०७-२८को खर्च शि.नं२६६१२ अन्तरगत क्रि.को.नं. २.१५.११.७९७ बाट नियमानुसारले शौचालय निर्माणार्थ शौचालय आवश्यक भएका विद्यालयहरु बाट प्रतिवेदन माग गर्न १५ दिने सूचना माग गर्ने । | सूचना गर्न काम-कार्यवाही बढाईदिनुहुन । | |
| ३ | नि.नं.४- यस राक्सिराङ्ग गा.पा.कार्यलय शिक्षा शाखा नियमित सुचारु गर्नुपर्ने भएकोले यसै गाउपालिका अन्तर्गत रहेको श्री प्रजा जागृती आधारभूत विद्यालय, चैनपुर, राक्सिराङ्ग-५को प्रा.वि. शिक्षक श्री नारायण सिाह लामालाई जिम्मेवारी दिने । | सम्वन्धित कार्यलय र व्यक्ति लाई पत्र बनाई काम-कार्यवाही बढाईदिनुहुन । | |
| ४ | नि.नं.५- श्री ठूलो भावर प्रा.वि.राक्सिराङ्ग-१मा शिक्षक दर्वन्दी ४ वटा रहेको तर विद्यार्थी संख्या न्यून रहेको कारण शिक्षा बिकाश तथा समन्वय इकाई मार्फत १ प्रा.वि. दर्वन्दी कट्टा गरी श्री प्रजा जागृती आधारभूत विद्यालय, चैनपुर, राक्सिराङ्ग-५ मा थप गरेको हुदा उक्त दर्वन्दीमा श्री ठूलोभावर प्रा.वि.मा कार्यरत शिक्षक श्री कुमारी पाखिनलाई प्रक्रिया पुरा गरी ल्याउनको लागि शि.बि.तथा स.इ.लाई सिफारिस गर्ने । | सम्वन्धित कार्यलय र व्यक्ति लाई सिफारिस पत्र बनाई काम-कार्यवाही बढाईदिनुहुन । | |
| ५ | नि.नं.९- आउदै गरेको २०७५ सालको एस.इ.इ. परीक्षा तयारीको लागि राक्सिराङ्ग गा.पा.भित्रको सबै मा.वि.हरुमा माघ र फाल्गुन महिना परीक्षा तयारी कक्षा सञ्चालनार्थ सबै मा.वि. बाट विद्यार्थी तथ्याङ्ग माग गरी गाउपालिकाको तर्फबाट सहयोग स्वरुप आवश्यक वजेट तर्जुमा गर्न गाउा कार्यपालिकालाई जानकारी गर्ने । | मा.वि. बाट विद्यार्थी तथ्याङ्ग माग गरी गाउपालिकाको तर्फबाट सहयोग स्वरुप आवश्यक वजेट तर्जुमा गर्नुहुन । | |
| ६ | नि.नं.६- यस गा.पा.अन्तर्गत रहेका सम्पूर्ण विद्यालयहरुको सबै प्रकारका परीक्ष संचालन गर्नको लागि तपसील अनुसारको परीक्षा समिति गठन गरियो: तपसील<br>१- संयोजक श्री राजकुमार मल्ल<br>२-सदस्य प्र.प्र.अधिकृत श्री रामकुमार पुडासैनी<br>३-सदस्य स्थानिय तहको प्रहरी प्र.<br>४-सदस्य गा.पा. भित्रका स्रोत व्यक्ति<br>५-मा.वि. प्र.अ. श्री काजिराम मुक्तान<br>६-जिल्ला प्र.का.प्रतिनिधि<br>७-सदस्य सचिव श्री राजेस प्र. घिमिरे | | |
| ७ | नि.नं ८ गाउा शिक्षा समितिको वैठक भत्ता निर्णय गर्न गाउा कार्यपालिका लाई अनुमोदन गर्नो | | |
| ८ | नि.नं.७- गा.पा.भित्रका विभिन्न समस्या समाधान गर्न तपसील अनुसारको सामाजिक संवाद तथा समन्वय समिति गठन गरियो<br>तपसिल<br>१-संयोजक श्री राजकुमार मल्ल<br>२- सदस्य प्र.प्र.अधिकृत श्री रामकुमार पुडासैनी<br>३-सदस्य नेपाल शिक्षक महा संघ अध्यक्ष<br>४-सदस्य शिक्षकका पेशागत प्रतिनिधि<br>५-सदस्य सामाजिक विकास समिति संयोजक<br>६-सदस्य स्रोत व्यक्ति<br>७-सदस्य सचिव राजेश प्र. घिमिरे | | |

**निर्णय नं. ८:**
यस राक्सिराङ्ग गांउपालिकाका नदीनाला, खोलाबगरहरुको IEE स्विकृतिको अन्तीम चरणमा पुगेको सन्दर्भमा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो आदि नदीजन्य पदार्थको ठेक्का बन्दोवस्त नभएसम्मको लागि अमानतमा राजश्व उठाउने र सोका लागि यस कार्यालयका डोजर अप्रेटर श्री कमल कान्त घिमिरेलाई नगदी रसिदको जिम्मेवारी दिई सोको अनुगमन, निरीक्षण र समन्वय गर्न यस कार्यालयका अधिकृत सातौं श्री राजेन्द्र भट्टराईलाई तोक्ने निर्णय गरीयो ।

CamScanner

निर्णय नं. ९:

यस गांउपालिकाबाट सञ्चालित तपसिलमा उल्लेखित योजनाहरुका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेकोमा ती योजनाहरुकोउजुरी किनारा लागे पश्चात सोही अनुसार हुने गरी हाललाइ ती योजनाहरुको कार्यसम्पन्न परिमाण, अध्यक्ष, उपाध्यक्ष र सम्बन्धीत वडाका वडाध्यक्षको अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरीयो ।

तपसिल:

| सि.नं. | योजनाको नाम, ठेगाना | स्विकृत बजेट | हालसम्मको निकासा | भुक्तानी दिन बांकि |
|---|---|---|---|---|
| १ | हात्तिछाप-दामराङ्ग-गर्लिङ्ग-चरीमारा सडक निर्माण योजना, राविसराङ्ग ७ | ३५,००,०००/ | २५,४६,२५०/ | ९,५३,७५०/ |
| २ | दुङ्गथली रिन्चराङ्ग धिराङ्ग गर्लिङ्ग सडक योजना, राविसराङ्ग ७ | १५,००,०००/ | १०,९१,२५०/ | ४,०८,७५०/ |
| ३ | शंकर खोला पहिलो लघु जलविद्युत अयोजना राविसराङ्ग ७ | १५,००,०००/ | १०,९१,२५०/ | ४,०८,७५०/ |
| ४ | नेवारपानी सानोभावर सुनौरा सौरा मईनटार हुदै गा.पा.जोडने सडक निर्माण योजना, राविसराङ्ग १,२,३ | ५५,००,०००/ | ४५,३९,०००/ | ९,६१,०००/ |